दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १५६ | बुटवल | २०८२ जेठ १९, गते सोमबार | नेपाल संवत ११४५ | Monday June.02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सरकारी धरपकडविरुद्ध उपत्यका बन्द घोषणा

बुटवल। राजावादी समूहले आज जेठ १९ गते उपत्यका बन्द गर्ने घोषणा गरेका छन् ।

राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले एक विज्ञप्ति जारी गर्दै सोमबार उपत्यका बन्दको घोषणा गरेका हुन् । आन्दोलनका क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापा, सांसद दिपकबहादुर सिंहलाई प्रहरीले पक्राउ गरेको विरोधमा बन्द आव्हान गरिएको हो ।

यसैबिच राष्ट्रिय प्रजातन्त्र पार्टीले आन्दोलनका क्रममा नेताहरुलाई नियन्त्रणमा लिएको भन्दै आपत्ति जनाएको छ । आन्दोलनका क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापालगायतका नेताहरुलाई प्रहरीले नियन्त्रणमा लिएपछि बसेका राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको आकस्मिक बैठकले सरकारको कदमलाई अलोकतान्त्रिक समेत भनेको छ ।

'प्रदर्शनका क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापा र अन्य ७ जनालाई प्रशासनले नियन्त्रणमा लिएको, गिरफ्तार भएकाहरुलाई भेट्न जाने क्रममा प्रतिनिधिसभाका सांसद दिपकबहादुर सिंहलाई प्रहरी परिसरभित्रै नियन्त्रणमा लिइएको घटना संविधानको व्यवस्था विपरीत, अलोकतान्त्रिक, सर्वसत्तावादी र विचारलाई निषेध गर्ने प्रयास हो भन्ने पार्टीको प्रष्ट धारणा रहेको छ ।'- बैठकपछि जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

राप्रपाले पक्राउ परेका नेताहरुलाई बिनासर्त रिहाइको माग गर्दै त्यसो नगरिए थप आन्दोलनको घोषणा गर्ने चेतावनी समेत दिएको छ ।

'राप्रपा नेपालका अध्यक्ष थापा, राप्रपा कार्यसम्पादन समितिका सदस्य सांसद सिंह र गिरफ्तारमा पर्नुभएका सबैको अविलम्ब र बिनाशर्त रिहाइ गर्न राप्रपा सरकारसंग माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ- 'गिरफ्तार हुनुभएका नेता, कार्यकर्ताहरुको रिहाइ नगरिए राप्रपाले आन्दोलनको थप कार्यक्रम घोषणा गर्नेछ ।'

# मधेशका ६४ वटा पक्की सडकको शिलान्यास



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस प्रदेश सरकारको महत्वाकाङ्क्षी तथा ठूलो लगानीका ६४ वटा पक्की सडक योजनाको शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री ओलीले मधेस प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित विशेष समारोहमा डिजिटल प्रविधिमार्फत एकैपटक ६४ आयोजनाको शिलान्यास गरेका हुन् ।

यसरी ६४ वटा महत्वपूर्ण तथा ठूला सडक आयोजना विस्तार तथा स्तरोन्नतिका क्रममा शिलान्यास भएको क्षणलाई मधेस प्रदेश सरकारले ऐतिहासिक एवं गौरवका रुपमा स्मरण गर्दै प्रधानमन्त्री ओलीप्रति धन्यवाद व्यक्त गरेको छ ।

भौतिक पूर्वाधार मन्त्रालयका अनुसार अब मधेस प्रदेशअन्तर्गत आठ जिल्लाका ६४ वटा प्रादेशिक निर्वाचन क्षेत्रमा पाँच किलोमिटरका दरले ३२० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ। तीन वर्षभित्र सम्पन्न गर्ने कालोपत्रसहितको सो पक्की सडक निर्माणका लागि कूल रु १२ अर्ब ७० करोड खर्च हुने मधेस प्रदेश सरकारले जनाएको छ।

मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले भने-'स्रोत सुनिश्चित भई पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ, शिलान्यासपछि सडक निर्माणको कामले तीव्र गति लिन्छ।'

उनका अनुसार यसअघि पहिलो चरणमा अगाडि बढाइएका ३२० किलोमिटर सडक योजनामध्ये २०० किलोमिटरभन्दा बढी निर्माण सम्पन्न भइसकेको छ, बाँकी भागको सडक निर्माण तीव्र रूपमा बढाइने छ।

निर्माण हुने सडकको चौडाइ साढे पाँचदेखि सात मिटर हुनेछ। सडकसँगै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा एकरएक वटा पक्की पुल निर्माणका लागि प्रक्रिया सुरु भइसकेको मन्त्रालयले जनाएको छ । साथै, जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्दै पूर्वाधार निर्माणमा वातावरणमैत्री प्रविधि र उपायको प्रयोग गरिने भएको छ।

यो योजनाले मधेस प्रदेशमा सडक पहुँच अभावमा रहेका गाउँलाई यातायात सञ्जालमा जोड्ने, व्यापार-व्यवसाय प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनलाई बजारसम्म लैजान सहयोग पुऱ्याउन मन्त्री यादवले बताए।

# खोलामा मनपरी उत्खननले खाल्डामा डुबेर वर्षेनी मानवीय क्षति





**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीका तिनाउ, दानवलगायत विभिन्न पालिकामा पर्ने नदीहरुमा हुने मनपरी उत्खननूका कारण बन्ने खाडलहरुमा डुबेर हरेक वर्ष मानवीय क्षति हुने गरेको छ । तर यो गम्भीर विषय ओझेलमा परेको छ ।

गत वर्ष मात्रै तिलोत्तमाको गोरकट्टा क्षेत्रमा उत्खननूको ठेक्का व्यवसायी सुमन बस्यालको कम्पनीले गरेको मापदण्ड विपरीतको उत्खननूले बनेको खाल्डोमा डुबेर एक किशोरको अल्पायूमै ज्यान गएको थियो । तर बस्यालले मृतक परिवारलाई ७ लाख रुपैयाँ दिएर घटना सामसुम बनाएका थिए । उनले ती किशोरको ज्यान गएको दिन केही घण्टामै खोला उत्खननूलाई निरन्तरता दिएका थिए । यो एउटा उदाहरण मात्र हो ।

प्रभावकारी अनुगमन नहुँदा खोला उत्खननूको ठेक्का पाएका ठेकेदारहरुले मापदण्ड मिचेर अधिक नाफा कमाउने उद्देश्यले नदीहरुमा गहिरो खाल्डो हुने गरी ढुंगा गिटी निकाल्दा तिलोत्तमासँगै बुटवल, सियारी, शुद्धोधन र जिल्लाका अन्य पालिकाका नदीका खाल्डामा डुबेर हुने मानवीय क्षतिको कसैले अद्यावधिक तथ्यांक राखेको छैन । बुटवलमै गत वर्ष दुई स्कुले विद्यार्थीको खोला उत्खननूका कारण बनेको खाल्डोमा डुबेर ज्यान गएको थियो ।

यी घटनालाई सरोकारवाला निकायले सामान्य दुर्घटनाका रुपमा लिने गरे पनि त्यो सही होइन । ठेकेदारको मनपरी र लापरबाहीका कारण हुने यस्ता जघन्य अपराधमा उनीहरुलाई जवाफदेही र जिम्मेवार बनाउनुपर्ने तब मात्र यस्ता घटना नदोहोरिने नागरिक समाज रुपन्देहीका अध्यक्ष इश्वरी चापागाईं बताउँछन् ।

खोलाहरुमा हुने मनपरी उत्खननूबाट निम्तिने मानवीय र वातावरणीय क्षतिको यकिन तथ्यांक निकाल्ने हो भने निकै महँगो हुने चापागाईं बताउँछन् ।

रुपन्देहीका एक पूर्व प्रशासकका अनुसार राज्यको स्रोतमाथि मापदण्ड मिचेर हुने मनपरी दोहनका कारण नदीमा बन्ने खाल्डामा परेर हुने मानवीय क्षतिअक्षम्य अपराध हो ।

'यहां ढुंगा गिटी चोरीको कुरा मात्र बाहिर आउँछ तर जथाभावी उत्खननूले पर्ने खाल्डामा डुबेर वर्षेनी हुने मानवीय क्षतिको मूल्य कति महंगो र अपुरणीय हुन्छ भन्ने लेखाजोखा भएको छैन,' उनले भने-'अब त्यसतर्फ पनि सरोकारवाला निकायको ध्यान जानुपर्छ र मापदण्ड विपरितको उत्खननूबाट हुने क्षतिको जिम्मेवार ठेकेदारलाई बनाउनुपर्छ ।'

खोलाहरुमा मनपरी दोहन र उत्खनन् रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका बढाउनेदेखि उत्खनन् र ढुवानीका मापदण्डहरु परिवर्तन र सर्वपक्षीय स्वतन्त्र निकायबाट नियमित अनुगमन हुनुपर्ने उनको सुझाव छ ।

तिलोत्तमाका एक स्वतन्त्र युवाले खोलाको ठेक्का पाउने व्यक्ति पनि राजनीतिक दलको कार्यकर्ता र चन्दादाता, जिल्ला समन्वय समिति, मेयर, उपमेयर र वडाध्यक्ष पनि राजनीतिक दलकै मान्छे हुँदा निष्पक्ष अनुगमन हुन नसकेको बरु राजनीतिक संरक्षणमा आँखा चिम्लेर ठेकेदारलाई मनपरी गर्न छुट दिइएको बताउँछन् । 'मेयर,वडाध्यक्षहरुलाई चुनावमा लाखौं चन्दा दिनेहरु नै ठेकेदार छन्, उनीहरुले नै खोलाको ठेक्का पाउने गरेका छन्,अनि उनीहरुलाई कसले रोक्ने ?' ती युवा भन्छन्-'वैध ढंगले व्यवसाय गर्न जति पनि पाइन्छ तर राज्यको प्राकृतिक स्रोत मनपरी दोहन र चोरी गरेर त्यसबाट आर्जित रकम दल र नेतालाई चन्दा दिने परिपाटी रोक्न राज्यका सरोकारवादा निकाय संवेदनशील बन्नुपर्छ ।'

वातावरण क्षेत्रका जानकार युवराज कंडेलले नदीहरुमा मापदण्ड विपरित हुने उत्खननूले मानवीय क्षतिसंगै दीर्घकालीन् वातावरणीय असर पर्ने विषय ओझेलमा पर्ने गरेको बताउँछन् । 'ठेकेदारले ढुंगा गिटी चोरी निकासी गरेको विषय एउटा पाटो हो, तर वर्षेनी हुने मानवीय क्षति र दीर्घकालीन् वातावरणीय प्रभाव धेरै संवेदनशील पक्ष हो ।'

खोलामा मेशिनरी प्रयोगले जथाभावी उत्खनन् गर्दा यसले पानीका स्रोत सुक्ने, प्राकृतिक विपत्ती आउनेदेखि अनेक खालका दीर्घकालीन समस्या निम्ताउने कंडेलले औंल्याए ।

पालिकाले उत्खनन् गर्दा अपनाउनुपर्ने शर्तमा सकेसम्म मानवीय जनशक्ति र घरेलु औजारले उत्खनन् गर्नुपर्ने उल्लेख गरेपनि ठेकेदारले हेभी इक्युपमेन्ट प्रयोग गरेर ढुंगा गिटी निकाल्ने गरेका छन् । उनीहरुले पालिकाले अनुमति दिए भन्दा धेरै मेशिन प्रयोग गरेर खोला उत्खनन् गर्दा त्यसले भविष्यमा पार्ने असर बारे सरोकारवाला निकायले बेवास्ता गर्नु विडम्बना भएको कंडेलले बताए ।

# फुड पोइजनले एक सय दश बिरामी



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पा नगरपालिकाको वडा नं. ३ खुमेलमा शुद्धि कार्य (पुण्य तिथि)मा खाना खाएका १ सय १० जना बिरामी परेका छन् । स्थानीय चौरपानीका मृतक वृद्धको शुद्धि कार्यमा सहभागी भइ खाना खाएका १ सय ५० जनामध्ये १ सय १० जना बिरामी परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक विजय चापागाईंले जानकारी दिए । शनिबार बेलुकी उनीहरु एक्कासी बिरामी पर्न थालेपछि उपचारका लागि स्थानीय स्वास्थ्यचौकी लगिएको थियो । अन्यको उपचार खुमेल स्वास्थ्यचौकीमै भए पनि १२ जनाको स्वास्थ्यमा भने गम्भीर समस्या देखिएको भन्दै राति जिल्ला अस्पताल रेउघा रेफर गरिएको थियो ।

रेफर भइ रोल्पा अस्पतालमा उपचाररत खुमेलका स्थानीय १५ वर्षीय बमबहादुर थापाले आफू राति १० बजे मात्र होसमा आएको बताए । 'खाना खाएपछि वान्ता हुने, टाउको दुख्ने भयो, त्यसपछि धेरै पेट दुखेपछि बेहोसै भएछु,' थापाले भने-'अस्पतालमा भर्ना भएपछि बल्ल होसमा आएँ, खुमेलबाट एम्बुलेन्समा अस्पताल ल्याएको पनि थाहा पाएन ।'

रोल्पा अस्पतालका रेउघाका चिकित्सक डा. रिषब गौतम नेतृत्वको टोलीले बिरामीको उपचार गरिरहेको छ। डा. गौतमका अनुसार अस्पतालमा भर्नाभएका सबैजसो बिरामीहरुमा वान्ता गर्ने, टाउको दुख्ने, पखाला लाग्ने समस्या देखिन्छ। खानामा खराबी (फुड पोइजन) भएका कारण बिरामी भएको उनको भनाइ छ । आइतबार दिउँसोसम्म अन्यलाई डिस्चार्ज गर्ने र बाँकी तीन जनाको थप उपचारका लागि अस्पतालमै राखिने उनले बताए । अहिले सबैको अवस्था सामान्य छ।

चौरपानीस्थित मृतक चित्रबहादुर रोकाको १३औं पुण्य तिथिको अवसरमा खानपिनको आयोजना गरिएको थियो। दालभात, पुरी, तरकारी, आचार आएका उनीहरुमा तत्कालै समस्या देखिएको स्थानीय नरेन्द्र घर्तीले जानकारी दिए।



## सम्पादकीय

# मनसुनमा हुने जोखिम

नेपालमा सरदर मितिभन्दा १५ दिन छिटो मनसुन प्रवेश गरेको छ। जल तथा मौसम विज्ञान विभागकाअनुसार, नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि मे २९ मा नै मनसुन भित्रिएको छ। त्यसैगरी यो वर्ष सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ। जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ। सरदरभन्दा बढी वर्षा हुने दर ३५ देखि ६५ प्रतिशत रहेकोले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज भएको छ। तर विपद् पूर्वतयारी तथा प्रतिकार्य फितलो हुँदा मुलुकमा सधैं क्षति हुँदै आएको छ।

गत वर्ष पनि जल तथा मौसम विज्ञान विभागले ४५ देखि ६५ प्रतिशत बढी वर्षा हुने आकलन गरेको थियो। अझैं दिन र ठाउँ नै तोकेर वर्षा धेरै हुने प्रक्षेपण गर्दा समेत सरकारले सजगता अपनाउन नसक्दा ठूलो मानवीय र भौतिक क्षति भयो। जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षेपण अनुसार रात्री बस सञ्चालन रोक र जोखिमयुक्त सडकमा चुस्त निगरानी राख्ने योजना भए पनि कार्यान्वयनमा ध्यान नदिँदा काठमाडौं जाँदै गरेका गाडी पहिरोमा पर्दा चार दर्जनको ज्यान गयो। सिन्धुपाल्चोक, काभ्रे र काठमाडौंमा पनि बाढी र पहिरोले ठूलो क्षति भयो।

गत वर्षको क्षतिले पूर्व तयारी र प्रति कार्ययोजना कार्यान्वयन प्राथमिकतामा पर्नुपर्छ भन्ने सन्देश दिएको छ। यो वर्ष पनि ३५ देखि ६५ प्रतिशत बढी वर्षा हुन्छ भन्ने प्रक्षेपण भएको छ। अझ लुम्बिनी र गण्डकी प्रदेशमा सरदरभन्दा बढी वर्षा ५५ देखि ६५ प्रतिशत हुने प्रक्षेपण भएकाले लुम्बिनी र गण्डकी बढी जोखिममा छन् भन्ने आँकलन गर्न सकिन्छ। बढी वर्षाले डुबान, बाढी र पहिरो धेरै हुने र त्यसले मानवीय तथा भौतिक क्षति बढी हुन्छ। गत वर्षको प्रक्षेपण मेल खाएकोले यो वर्षको प्रक्षेपणले पनि क्षति बढी हुन्छ, न्यूनीकरणका लागि पूर्वतयारी गर भन्ने दिशानिर्देश गरेको छ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि तहगत सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनलाई जोड दिँदै आएका छन्। कार्ययोजनामा तहगत सरकारले गर्नुपर्ने काम, समन्वय र सहकार्य प्रष्ट उल्लेख भए पनि कार्यान्वयन फितलो हुँदा जोखिम न्यूनीकरण हुन सकिरहेको छैन। विपद्पछिको राहतमा बढी केन्द्रित हुने प्रवृत्ति अझैं हावी छ। केही दिनअघि प्रधानमन्त्री केपी ओली जल तथा मौसम विज्ञान विभागको कार्यालयमा पुगेर आगामी मनसुनमा पर्ने वर्षाको अवस्थाबारे जानकारी लिएका थिए। प्रधानमन्त्री स्वंय विभाग पुगेर जानकारी लिनु सकारात्मक हो। अब प्रधानमन्त्रीको काम तहगत सरकारलाई विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सक्रिय बनाउनु हो। एकले अर्कोलाई दोष दिने र पन्छाउने प्रवृत्तिले विपद् व्यवस्थापन गर्न संभव छैन, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन सक्दा तथा अति आवश्यक परेको क्षेत्रमा बजेट विनियोजन गर्न सक्दा प्रतिकार्य योजना कार्यान्वयन गरी क्षति न्यूनीकरण गर्न सकिन्छ।

# नेतृत्वको दृढ इच्छाशक्तिले मुलुक निर्माणमा पार्ने प्रभाव



यामलाल सुवेदी

दृढ इच्छाशक्ति भएको नेतृत्व राजनैतिक रूपमा मुलुकका लागि कृयाशील हुँदा मात्र मुलुकले राजनैतिक, सामाजिक र आर्थिक रूपमा महत्वपूर्ण प्रभावकारी परिवर्तनको अनुभूति गराउन सक्दछ। उदाहरणका लागि महात्मा गान्धीको दृढ इच्छाशक्तिले भारतमा अहिंसात्मक आन्दोलन (सत्याग्रह) को माध्यमद्वारा अङ्ग्रेजहरूको करिव १९० लामो औपनिवेसिक शासनबाट भारतलाई स्वतन्त्र राष्ट्रमा रुपान्तरण गर्ने अत्यन्तै महत्वपूर्ण भूमिका रहेको थियो। यो महत्वपूर्ण र ऐतिहासिक योगदानका लागि महात्मा गान्धी अनेकौं पटक जेल परे, अङ्ग्रेज शासकहरूको कठोर यातनालाई सहँदै 'स्वतन्त्रता र स्वराज मेरो जन्मसिद्ध अधिकार हो' भन्ने आदर्श नारा लिएर स्वतन्त्रताको लागि सङ्घर्षमा अविछिन्न रूपमा क्रियाशील भए। सो आदर्शबाट निर्देशित हुँदै करोडौं भारतीयहरू सत्याग्रह आन्दोलनको लागि संगठित हुन प्रेरणाको श्रोतको रूपमा काम गऱ्यो। महात्मा गान्धीको दृढ इच्छाशक्तिले १९० वर्ष लामो अङ्ग्रेजहरूको औपनिबेसिक शासनबाट भारतलाई स्वतन्त्र भारतमा रुपान्तरण गर्न उत्कृष्ट ऐतिहासिक भूमिका निभायो।

त्यस्तैगरी, अर्को दृढ इच्छा शक्तिको उदाहरण प्रस्तुत गर्नुपर्दा दक्षिण अफ्रिका अपार्थाइड (जातीय विभेद) विरुद्धको आन्दोलनको नेतृत्वकर्ता नेल्सन मन्डेलालाई लिन सकिन्छ। नेल्सन मन्डेलाले उक्त आन्दोलनलाई सार्थक निष्कर्षमा पुऱ्याउन नेतृत्व गर्दै गर्दा त्यहाँको तत्कालिन शासकले उनलाई २७ वर्षे जेलजीवन जिउन बाध्य बनाएका थिए। तर उनी अविछिन्न रूपमा आफ्नो आदर्श मुल्य र मान्यताबाट बिचलित नभइ स्वतन्त्रता आन्दोलनलाई निरन्तर रुपमा क्रियाशील गराए। आफ्नो नेतृत्वदायी भूमिकालाई दृढरूपमा प्रस्तुत गरे। २७ वर्षको लामो जेलबाट छुटकरा पाएपछि बदलाको भावनाले देश र समाजलाई द्वन्द्वको चक्रब्युहमा फसाउँछ भन्ने ज्ञानबाट निर्देशित हुँदै राष्ट्रिय एकता र मेलमिलापको बाटोबाट मात्रै आन्दोलनलाई परिणामुखी बनाउँछ भन्ने कुराको हेक्का राख्दै दक्षिण अफ्रिकामा लोकतन्त्रको स्थापना गर्न नेल्सन मन्डेलाको दृढ इच्छाशक्तिले महत्वपूर्ण उपलब्ध हासिल गऱ्यो।

आधुनिक नेपालका निर्माता ऐतिहासिक महानायक श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह उहाँको दृढ इच्छाशक्ति नेपाली इतिहासमा असाधारण उदाहरणको रूपमा स्मरण र प्रस्तुत गर्न सकिन्छ। उहाँको दृढ इच्छाशक्तिको फलस्वरुप उहाँको पिता नरभुपाल शाहको देहान्तपश्चात् गोरखा राज्यको अभिभारा आफ्नो काँधमा लिनुभएको थियो। आफ्नो राजकाजलाई निरन्तररूपमा सञ्चालन गर्ने क्रममा आफ्नो राज्यको परिवरिका छिमेकी बाइसे-चौबिसे राज्यहरूलाई एकताबद्ध गर्ने अठोट गर्नुभयो। त्यही क्रममा एक रात उहाँको सपनामा गोर्खालीकी भगवती मनकामना प्रकट हुँदै पृथ्वी तिमी अगी सरी जुन काम गर्दछौं त्यो काम सजिल्यै पूरा हुनेछ, यो कामको सिलसिलालाई नअल्मल्याइ निरन्तररूपमा अगाडि बढाउ भन्ने बाणी प्रस्तुत भएको दृष्टान्तपश्चात् आधुनिक नेपालको निर्माणको यात्रा प्रारम्भ गर्दै नेपाललाई विश्व राजनैतिक आकासको महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको भन्दा करिव दश वर्षअगाडि संगठित भएको मुलुकको रुपमा स्थापित गर्नुभएको थियो। मुलुकलाई आफ्नै स्वदेशी नीतिद्वारा नै आत्मनिर्भरता मुलुकको रूपमा स्थापित गर्न सकिन्छ भन्ने प्रशस्तै दिव्य उपदेशहरू प्रकट गर्नुभएको पाइन्छ, जसलाई 'पृथ्वीपथ'को रूपमा बुझिन्छ।

तत्कालिन अवस्थामा अङ्ग्रेजहरूले सञ्चालन गरेको इष्ट इन्डिया कम्पनी नेपालसम्मको बिस्तार अभियानलाई पनि आफ्नो निपुण कुटनैतिक चालद्वारा विदेशी शक्तिहरूसँग पनि सन्तुलित सम्बन्ध राख्दै मुलुकको स्वाधीनताको रक्षा गर्न सफल हुन भएको थियो। उहाँको कर्मठ अडान, नेतृत्वशैली, स्वदेशप्रेम नेपाल र नेपालीको गौरव हो। इतिहासको पाना पल्टाएर मनन गर्दा पृथ्वीनारायण शाहको दृढ इच्छाशक्ति बिना अहिलेको आधुनिक र विशाल अधिराज्य बन्न सक्दैनथ्यो।

त्यस्तैगरी सिङ्गापुरका संस्थापक तथा राष्ट्रनिर्माता ली क्वान युले दृढ इच्छाशक्तिकै बलमा मलेसियाबाट सिंगापुरलाई अलग गर्दै स्वतन्त्र राष्ट्र निर्माणको अठोट गर्नुभयो- 'यो टापु सानोजस्तो देखिएपनि हामीले विश्वमै मान्यता पाउने राष्ट्र बनाउँछौं !' उहाँको यो दृढ इच्छाशक्तिले सिंगापुरलाई विश्वको आर्थिक केन्द्रको रुपमा स्थापित गऱ्यो। सन् १९५९-१९९० सम्म सिंगापुरको संस्थापक प्रधानमन्त्रीको रूपमा काम गर्दा देशमा कडा प्रभावकारी राष्ट्रप्रेमी नीति-नियम, सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध कायम राख्दै राष्ट्रका सम्पुर्ण प्रशासनिक इकाई तथा निकायहरूमा right person right position (सही व्यक्ति सही पद)को अवधारणालाई अवलम्बन गर्दै त्यस्ता ब्यक्तिहरूको प्रेरणाको श्रोत आफू बन्दै उनीहरूको काम गर्ने मनोबललाई सदा प्राथमिकतामा राख्दै कडा अनुशासनको माध्यमबाट २१ वर्षको निरन्तर शुसासन दिनुभयो। र, कुनै प्राकृतिक स्रोतबिना सिंगापुरमा आर्थिक समृद्धि हासिल गर्दै आज विश्वकै समृद्ध राष्ट्रहरूको सूचीमा सिंगापुरलाई उभ्याउने सशक्त एवम् महात्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइन्छ। त्यसकारण ली क्वान युको दृष्टिकोण, ठोस निर्णयहरू र राष्ट्रप्रेमले सिंगापुरलाई सधैंका लागि बदलिदियो। विश्वकै एउटा कर्मठ दृढ इच्छाशक्ति भएको उदाहरणीय नेतृत्वको प्रेरणाको श्रोतको रूपमा लिन सकिन्छ।

को दृढ इच्छाशक्तिको प्रेरणादायी उदाहरणको रूपमा विन्स्टन चर्चिललाई लिन सकिन्छ। उहाँको दृढ संकल्प, अठोट, इच्छाशक्ति र प्रेरणादायी भाषण, अटुट आत्मविश्वासले र तत्कालिन जर्मन साम्राज्यले शुरुवात गरेको युद्धलाई प्रारास्त गर्नको लागि अमेरिका र सोभियत संघसँग विश्वव्यापी गठबन्धन बनाउँदै सशक्त र सुमधुर मित्रता कायम गरी हिटलको नाजी फासीवादको विरुद्ध विश्वव्यापी गठबन्धन निर्माण गर्न महत्वपूर्ण योगदान दिएको पाइन्छ। उहाँको यो देशभक्तिपूर्ण योगदानले तत्कालिन बेलायत र जर्मन नाजीहरूको बीचमा चेलेको विश्वयुद्ध जित्न प्रेरित गरेर विश्वको इतिहासमै एउटा दृढ इच्छाशक्ति भएको नेताको रूपमा आफ्नो नाम इतिहासको पानामा सुरक्षित गर्न सफल भए।

तर, दृढ इच्छाशक्ति भएको नेतृत्वको अनुमप उदाहरणको रूपमा नेपालको सन्दर्भमा तुलनात्मक अध्ययन गर्दा विगत ७५ वर्षयता मुलुकले स्वर्गीय श्री ५ महेन्द्र वीरविक्रम शाहदेव सरकारको दशवर्षे प्रत्यक्ष शासन कालमा उहाँले देशको लागि दर्शाएको दृष्टिकोण दृढ इच्छाशक्तिको उदाहरण तथा जननायक बीपी कोइरालाले राणा शासनको अन्त्य गर्दै नेपालमा प्रजातन्त्रको स्थापनाको लागि दर्शाएको दृढ इच्छाशक्ति अनि स्वर्गवासी श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नेपाललाई विश्वको शान्तिक्षेत्रको रूपमा घोषणा गर्नुपर्ने प्रस्ताव संयुक्त राष्ट्र संघको दर्ता गराउन प्रकट गरेको दृढ इच्छाशक्ति बाहेक अरुबाट दृढ इच्छाशक्ति भएको नेतृत्वको अनुभूति गर्न पाइएको छैन।

२०६२/०६३ सालको राजनैतिक परिवर्तनपश्चात् अवलम्बन गरेको राजनैतिक प्रणालीको जगमा अहिलेका शासकहरूको संस्थागत र नीतिगत भ्रष्टाचारको कारणले मुलुक प्राणघातक क्यान्सरसरह अत्यन्त दयनीय अवस्थामा पुगी सघन उपचारको पर्खाइमा छ। राज्यका सम्पुर्ण संयन्त्रहरूमा भ्रष्ट नेताका लम्पट कार्यकर्ताहरूले कब्जा जमाइरहेका छन्। न्यायलयका न्यायमूर्तिहरू कानुनी राज्यको मर्यादापालकको रूपमा नागरिकलाई न्यायको प्रत्याभूति गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारीबाट अलग रहँदै भ्रष्टहरूको निर्देशनको पालना गर्न बाध्य भएका दृष्टान्तहरू सामाजिक संजालमा यत्रतत्र छरपष्ट भएको पाइन्छ।

मुलुकका प्रधानमन्त्रीद्वारा संविधानप्रदत्त शान्तिपूर्ण भेला र अभिव्यक्ति गर्न पाउने जनताको मौलिक अधिकारमाथि धावा बोल्नु र प्रधानमन्त्रीका कुर्सीमा विराजमान ब्यक्तिबाट बारम्बार गैरजिम्मेवारपूर्ण, स्तरहीन र हल्का अभिव्यक्ति प्रस्तुत गर्नुले केपी शर्मा ओली प्रधानमन्त्री कुर्सीमा विराजमान हुन योग्य छैनन् भन्ने कुरालाई पुष्टि गरेको छ। बहुलवादमा कुनै एक अमुक पार्टीको नेतृत्व गरेता पनि मुलुकको प्रधानमन्त्री पदमा पदासिन भइसकेपछि प्रधानमन्त्री पदको गरिमा र मर्यादालाई आत्मसात गर्दै मुलुकबासीहरूको विश्वास आर्जन गर्नुको सट्टा बेतुकका विशेषणहरू प्रयोग गर्दै नेपाली जनताको बीचमा द्वन्द्वको गहिरो खाडल खन्ने कामले प्रधानमन्त्री पदको मानमर्दन गरेको छ। प्रधानमन्त्री पदमा पदासिन व्यक्तिबाट जनताको मौलिक अधिकार हनन हुने अभिव्यक्ति सार्वजनिकरूपमा आउँदा नेपाली राष्ट्रिय राजनीतिको लामो इतिहास बोकेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको नेतृत्व मौन बस्नुले नेपालमा क्रियशील पार्टीको नेतृत्व सम्हालेका व्यक्तिहरू मुलुक र जनताप्रति कदापि जिम्मेवार छैनन् भन्ने विषयलाई प्रतिविम्बित गर्दछ।

संक्षिप्त रुपमा दृढ इच्छाशक्ति धारण गरेको नेतृत्वको अनुपम उदाहरणलाई प्रस्तुत गर्नुपर्दा आफ्नो व्यक्तिगत जीवनको जोखिमको सामना गरेर राष्ट्रको लागि आफूले निर्दिष्ट गरेको आदर्श, मूल्य-मान्यता, लक्ष्य वा उद्देश्यलाई तार्किक निष्कर्षमा पुऱ्याउन प्रभावकारी रूपमा भूमिका निर्वाह गरेका स्वतन्त्र भारतका पिता महात्मा गान्धी, आधुनिक नेपालका निर्माता श्री ५ बडामहाराज पृथ्वीनारायण शाह, सिंगापुरका संस्थापक ली क्वान यु, विन्स्टन चर्चिल, नेल्शन मण्डेला, श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र र विश्वेस्वर प्रसाद कोइरालालाई दृढ इच्छाशक्तिको भएको नेतृत्वको अनुपम उदाहरणको रूपमा सह्राहना गर्न सकिन्छ। पृथ्वीनारायण शाहले मुलुकमा उद्योग संचालन गर्न चाहने मनुवाहरूलाई राज्यले अनुदान दिनु र उसले चलाएको उद्योगमा काम गर्न पाए हरेक जनताको चुलोमा नियमित रुपमा आगो बन्दछ। कोही भोकै बस्नुपर्ने छैन भन्ने कुरा आफ्नो दिब्य उपदेशमा प्रकट गरेका थिए। राजा महेन्द्रले सोही दिब्य उपदेशको मर्म र भावनाअनुरुप काम गर्दा जम्मा १० वर्षमा नेपालमा २१२ वटा उद्योग कलकारखाना स्थापना गरी नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने बाटोमा डोऱ्याएका थिए। यो ऐतिहासिक दृष्टान्तलाई दृढ इच्छाशक्ति भएको राजनेताको उदाहरणको रूपमा प्रस्तुत एवम् चित्रण गर्न सकिन्छ।

घटना र विचारबाट

# पत्रकारलाई क्षमता विकास तालिम

बासुदेव ढकाल
*रामपुर*

पाल्पा। रामपुर नगरपालिकाले पाल्पाली पत्रकारहरुका लागि क्षमता विकास तालिमसँगै अध्ययन अवलोकन गराएको छ। रामपुर नगरपालिकाको आयोजना र नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाको समन्वयमा पत्रकारहरु तीनदिनदेखि पोखरामा क्षमता विकास तालिम गरी विभिन्न पर्यटकीय स्थलको अध्ययन भ्रमण कार्यक्रम भएको हो। २४ जना पत्रकार सहभागी टोलीलाई कास्कीको मादी गाउँपालिका-१ सिक्लेसको पर्यटकीय स्थलको अवलोकनसँगै पोखरामा एआई र डिजिटल मिडियाको विषयमा सञ्चारकर्मीलाई तालिम दिइएको छ।

तालिमको नेपाल पत्रकार महासङ्घ पाल्पाका पूर्व अध्यक्ष भगवान भण्डारीले उद्घाटन गरेका हुन्। तालिमको उद्घाटन गर्दै भण्डारीले प्रविधिको विकाससँगै पत्रकारितालाई समयसापेक्ष बनाउनु आवश्यक रहेको बताए। उनले पाल्पा जिल्लाले राजधानी बाहिर पहिलो रेडियो र केवल टेलिभिजन सञ्चालन गरेर इतिहास रच्न सफल हुनुका साथै विकास पत्रकारिताको सुरुवातसमेत पाल्पाबाट भएकोमा गर्व लागेको जनाए।

नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले डिजिटल साक्षरताको आवश्यकता औंल्याउँदै पत्रकारिताको शैलीमा रुपान्तरणको खाँचो रहेको बताए। प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य मिलन विश्वकर्माले तालिमले विकास र सम्भावनाको खोजीमा टेवा पुग्ने विश्वास व्यक्त गरे। एकीकृत समाजवादी प्रेस संगठनकी केन्द्रीय सदस्य रमा भण्डारीले नयाँ पुस्तालाई पत्रकारितामा आकर्षित गर्ने खालका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए।

कार्यक्रममा एआई पत्रकारिताका अध्येता तथा प्रयोग कर्ता जीवन भण्डारीले कृत्रिम बौद्धिक क्षमता (एआई) को महत्व, प्रयोग र सम्भावना विषयमा प्रशिक्षण दिएका थिए। उनले एआईको प्रयोगको विषयमा प्रयोगत्मक अभ्यास गराएका थिए। त्यस्तै, समाधान न्यूजका सम्पादक एवं पत्रकार भरत कोईरालाले विश्व तथा राषट्र सन्दर्भमा नेपाली मिडिया हाउसहरूको अवस्था, समस्या र समाधानबारे जानकारी प्रस्तुत गरेका थिए।




महासङ्घ पाल्पा शाखाका उपाध्यक्ष बन्दना पोखरेलको अध्यक्षता, सह-सचिव दुर्गेश मल्लको स्वागत, सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो।

विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरुको तीन दिनको भ्रमण सकेर शनिबार पाल्पा फर्किएको टोलीलाई रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले स्वागत गर्दै रामपुरको विकास निर्मण र पर्यटन विकासको लागि गरिएको प्रयासबारे जानकारी गराए। उनले निर्माणाधिन कालीगण्डकी पैदल मार्ग, ज्याग्दी बृहत् पार्क तथा चरा पार्क र पवित्र तिर्थस्थलमा जेष्ठ नागरिक स्कुल सञ्चालनको कार्य प्रगतिका बारेमा पनि पत्रकारहरुलाई जानकारी गराएका थिए। सोही अवसरामा नेपाल पत्रकार महासंघ पाल्पाकी उपाध्यक्ष बन्दना पोखरेलले रामपुर नगरपालिकाले पाल्पाली पत्रकारहरुको क्षमता विकासको लागि गरेको कार्यक्रमले पत्रकारमा क्षमता वृद्धि हुने विश्वास लिएको बताउँदै नगरपालिकालाई धन्यवाद दिइन्।

# सामुदायिक वन व्यवस्थापनको पहल गर्दै स्थानीय सरकार

राँझा। बाँकेमा सबैभन्दा बढी वनक्षेत्र रहेको राप्तीसोनारी गाउँपालिकाले सामुदायिक वन व्यवस्थापनका लागि सरोकार भएकासँग छलफल गरेको छ।

सामुदायिक वन ऐनलाई कार्यान्वयन गर्ने उद्देश्यले पहिलो चरणमा कार्यविधिको मस्यौदामाथि गाउँपालिकामा सरोकार भएका निकायबिच छलफल गरिएको राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्त पौडेलले जानकारी दिए।

"वन व्यवस्थापनका लागि गाउँपालिकाले ऐन ल्याइसकेको छ, त्यसको कार्यान्वयनका लागि कार्यविधि बनाउन लागिएको हो", उनले भने- "गाउँपालिकाभित्र रहेका वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रवर्धनमा टेवा पुऱ्याउन वन ऐनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।"

कार्यविधिमा वन संरक्षणको विषयका साथै वन र वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण र राहतको विषयलाई छलफलबाट निष्कर्ष निकालिने अध्यक्ष पौडेलले उल्लेख गरे।

प्रारम्भिक मस्यौदामाथि सरोकार भएकाबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको सहजकर्ता रामबहादुर भण्डारीले बताए। स्थानीय जनप्रतिनिधि, वनसँग सम्बद्ध राख्ने निकायका प्रतिनिधिले महत्त्वपूर्ण सुझाव दिएसँगै मस्यौदालाई अन्तिम रुप दिँदा ती सुझाव थपिने उनले उल्लेख गरे।

"वन व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको 'सामुदायिक वन व्यवस्थापन कार्यविधि' निर्माणका लागि महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन्", उनले भने- "प्राप्त सुझावलाई समेटेर गाउँपालिकाबासीको हित हुनेगरी कार्यविधिलाई अन्तिम रुप दिइनेछ।"

कार्यविधि बनाउँदा कम्तीमा उपभोक्ताको हितलाई ध्यान दिने उद्देश्यले सरोकार भएकाको सुझाव लिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दानबहादुर ऐडीले जानकारी दिए।

उनका अनुसार राप्तीसोनारी-१, ३ र ४ मा सिक्टा सबडिभिजन वन कार्यालय मातहतमा २०, राप्तीसोनारी-५, ६ र ७ मा राप्ती सबडिभिजन वन कार्यालय मातहतमा १५ र राप्तीसोनारी-२, ८ र ९ मा शम्शेरगञ्ज सबडिभिजन वन कार्यालय मातहतमा १९ गरी ५४ सामुदायिक वन उपभोक्ता समूह छन्।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Arghakhanchi

**Invitation for Electronics Bids**

First Date of Publication: 2nd June 2025(2082/02/19)

The Federal Water Supply and Sewerage Management Project, Arghakhanchi invitesonly electronic bids from eligible bidders under Sealed Quotation Procedures for the following works.

| S. No. | Contract Number | Description of work | Estimated Amount (With VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) | Deadline for Submission of Bid |
|---|---|---|---|---|---|---|
| 1 | 19-081/82/Goods/ FWSSMP-Arghakhanchi | Procurement, Supply and Delivery of GI Pipe and fitting for Gulmi and Arghakhanchi District | 1,988,954.81 | 50,000.00 | 1000.00 | 17thJune 2025, 12:00 Hours |

Note: For Further Detail, please visit PPMO's e-GP portal www.bolpatra.gov.np/egp Project Chief

# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड

## NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

### अनुगमन कार्यालय खैरेनी, रुपन्देही

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना :-

प्रकाशित मिति २०८२/०२/१९

यस नेशनल लघुवित्त वित्तीय संस्था लि. को तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी बिभिन्न शाखा कार्यालयहरुबाट कर्जा कारोबार गरी यस वित्तीय संस्थासंगको सर्त कबुलियत बमोजिम समय समयमा कर्जाहरुको सावां ब्याज बुझाउनु पर्नेमा विगत लामो समयदेखि कर्जाको (सावां व्याज) तिर्न आलटाल गरेको, सो सम्वन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तर ताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको, ऋण कर्जा सम्वन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले तपशिलमा उल्लेखित ऋणी तथा साक्षी /धनजमानीकर्ताहरुलाई ३५ दिनभित्र सम्बन्धित शाखा कार्यालयमा सर्म्पक गरी कर्जा चुक्ता भुक्तान गर्नका लागि जानकारी गराइन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको शाखा कार्यालयमा सम्पर्क राखी यस संस्थाबाट लिएको सम्पूर्ण सांवा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उप दफा ११ अनुसार ऋणी तथा ब्यक्तिगत धन जमानीकर्ताको तिन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचिमा नाम समावेश गरिने, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतीबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

| क.स | शाखाको नाम | ऋणिको नाम | ठेगाना नागरीकता अनुसार | नागरीकता नं. | पिता /श्रीमानको नाम | हजुर बुवा/ ससुराको नाम | धितोको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | खैरेनी, रुपन्देही | पुजा न्यौपाने | हुवास ४ पर्वत | ५१२०५३/६९ | माधव चापागाई | चन्द्रलाल चापागाई | सामुहिक जमानी |
| २ | खैरेनी, रुपन्देही | पार्वती अधिकारी | सुनवल १ नवलपरासी | ३६१०३८/४१ | राजु अधिकारी | भारत बहादुर अधिकारी | सामुहिक जमानी |
| ३ | खैरेनी, रुपन्देही | पेमाकला काफ्ले | केरवानी ४ वलपरासी | ३७३००२/२६२ | ऋषिराम काफ्ले | हरि प्रसाद काफ्ले | सामुहिक जमानी |
| ४ | खैरेनी, रुपन्देही | विष्णु भट्टराई | सुनवल १ नवलपरासी | ३७३००३/८१० | डण्डपानी भट्टराई | वालानन्द भट्टराई | सामुहिक जमानी |
| ५ | खैरेनी, रुपन्देही | फुलमाया सिरीस | देवदह ८ रुपन्देही | ५३६० | कृष्ण प्रसाद पुरी | सर्वजीत पुरी | सामुहिक जमानी |
| ६ | खैरेनी, रुपन्देही | मिना गुरुङ | रापाकोट ९ स्याङ्जा | ८४५९५ | मेक प्रसाद गुरुङ | टेक बहादुर गुरुङ | सामुहिक जमानी |
| ७ | खैरेनी, रुपन्देही | रेखा सापकोटा भुसाल | महाशिला १ पर्वत | ३६-०१-७३-०२५७२ | भोजराज भुसाल | जयवल्लभ भुसाल | सामुहिक जमानी |
| ८ | खैरेनी, रुपन्देही | गौतम पाण्डे | माकर ४ नवलपरासी | ५३०७६ | अनिरुद्ध प्रसाद पाण्डे | अंगद प्रसाद पाण्डे | कि.नं. १०९२ क्षेत्रफल ०-०-१०-० |
| ९ | खैरेनी, रुपन्देही | तुलसी कार्की | मक्रहर ८ रुपन्देही | ३७१००१/३१२७१ | चन्द्र बहादुर कार्की | खडग बहादुर | सामुहिक जमानी |
| १० | खैरेनी, रुपन्देही | अनुमा श्रेष्ठ | तिलोत्तमा ११ रुपन्देही | ७३६६४ | राजेश कुमार श्रेष्ठ | पुर्ण प्रसाद श्रेष्ठ | सामुहिक जमानी |
| ११ | खैरेनी, रुपन्देही | मेनुका क्षेत्री | शंकरनगर २ रुपन्देही | २३०४९ | रविन्द्र खडका | झपेन्द्र बहादुर खडका | सामुहिक जमानी |
| १२ | खैरेनी, रुपन्देही | शान्तीमाया पुन | देवदह २ रुपन्देही | ३९५५२ | कृष्णा पुन | मन वहादुर | सामुहिक जमानी |
| १३ | खैरेनी, रुपन्देही | मेनका सापकोटा | देवदह ३ रुपन्देही | ६४१७ | लोकराज तिवारी | बिष्णु प्रसाद तिवारी | सामुहिक जमानी |
| १४ | खैरेनी, रुपन्देही | सोना चौधरी | केरवानी ७ रुपन्देही | ३७-१००२/२९१६१ | बिष्णु प्रसाद चौधरी | रमेश प्रसाद चौधरी | सामुहिक जमानी |
| १५ | खैरेनी, रुपन्देही | बिन्दु पौडेल | वुटवल १४ रुपन्देही | ३७२०२४/५१०८१ | दिपकगौतम | नारायण गौतम | सामुहिक जमानी |
| १६ | खैरेनी, रुपन्देही | निर्मला ओली | सुनवल ३ नवलपरासी | ५६-०१-६९ | बिजय पराजुली | नरेन्द्र राजशर्मा | सामुहिक जमानी |
| १७ | खैरेनी, रुपन्देही | मन्जु भट्टराई | रामनगर ७ नवलपरासी | ३६-०१-७१-००७२९ | आशिष लामीछाने | भिम बहादुर लामीछाने | सामुहिक जमानी |
| १८ | खैरेनी, रुपन्देही | रिताकुमारी चौधरी | स्वाठी ७ नवलपरासी | ३६-०१-६९-०२५३६ | जितेन्द्र चौधरी | हरिनारायण चौधरी | सामुहिक जमानी |
| १९ | खैरेनी, रुपन्देही | दिपा न्यौपाने (थापा) | देवदह ३ रुपन्देही | ३७३००३/१७३ | बसन्तथापा | रामबहादुर थापा मगर | सामुहिक जमानी |
| २० | खैरेनी, रुपन्देही | मन्जु आचार्य | वन्जरिया ९ नवलपरासी | ३६-०१-६९-०१७७० | कृष्ण ढकाल | घनश्याम उपाध्याय ढकाल | सामुहिक जमानी |
| २१ | खैरेनी, रुपन्देही | विन्दा श्रेष्ठ | सुनवल ६ नवलपरासी | ५५५१४ | नारायण श्रेष्ठ | इन्द्र बहादुर श्रेष्ठ | सामुहिक जमानी |
